प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश

हेटौंडा, नेपाल

प.सं. ०७७/०७८

च.नं. शा.सु.स.म./४/३/ १६४३

मितिः२०७८/०१/१३

श्री मन्त्रालय (सबै),

श्री जिल्ला समन्वय समिति (१३ वटै),

श्री जिल्ला प्रशासन कार्यालय (१३ वटै),

श्री स्थानीय तह (११९ वटै),

बागमती प्रदेश ।

बिषयः बैठकको निर्णय सम्बन्धमा ।

प्रस्तुत बिषयमा वागमती प्रदेश कोरोना संकट व्यवस्थापन केन्द्रको २०७८ बैशाख १२ गते माननीय मुख्यमन्त्री डोरमणि पौडेलज्यूको अध्यक्षतामा बसेको बैठकले गरेको निर्णय तहाँको जानकारी तथा आवश्यक कारवाहीको लागि यसै पत्र साथ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

बोधार्थः

मा.मुख्यमन्त्रीज्यूको सचिवालय

प्रमूख सचिवज्यूको सचिवालय

रमेश सुवेदी

अधिकृत आठौं

फोन नं.:०५७५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स नं.: ५२७५०७ वेबसाइटः www.ocmcm.bagamati.gov.np ईमेलः governance.ocmcm@bagamati.gov.np

बागमती प्रदेश कोरोना संकट व्यवस्थापन केन्द्रको २०७८।०१।१२ गतेको बैठकको निर्णयहरू

निर्णयहरू

१. बागमती प्रदेश कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७७।१२।२९ गते भएको ६ बुँदे निर्णयहरूको कार्यान्वयन समीक्षा गरियो ।

२. नेपाल सरकारको मिति २०७८।०१।०६ को निर्णयमा प्रदेश सरकारबाट गर्नु पर्ने भनी उल्लेख भएको बुँदा नं. २० को कार्यान्वयन गर्न सामाजिक विकास मन्त्रालयले आवश्यक तयारी एवं कार्यान्वयन गर्न स्वास्थ्य इकाइहरूलाई परिचालन गर्ने ।

३. कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचारको सम्बन्धमा सचेतनात्मक कार्य गर्न गराउन निम्न अनुसार गर्ने गराउने ।

क. स्थानीय तहमा जोखिम तथा स्वास्थ्य मापदण्डको पालना सम्बन्धमा नागरिक तहसम्म सचेतना अभिवृद्धि गर्न प्रदेशका १३ वटै जिल्ला समन्वय समितिलाई अनुरोध गर्ने ।

ख. प्रदेशका जिल्ला समन्वय समिति महासंघ, गाउँपालिका महासंघ, नगरपालिका महसंघ तथा ११९ वटै स्थानीय तहका ११२१ वडा तह भित्र रहेका सरकारी तथा गैरसरकारी संघ, सस्थाहरु, सहकारी, स्कुल तथा कलेज, स्थानीय समूहहरू, टोल विकास समितिहरू लगायतका निकायहरूलाई नागरिक तहसम्म सचेतना एवं कोभिड प्रतिकार्य सम्बन्धी कार्यमा परिचालन गर्न जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समिति र स्थानीय कोभिड-१९ संकट व्यवस्थापन समिति मार्फत गर्न अनुरोध गर्ने ।

ग. स्वास्थ्य सम्बन्धी मापदण्डको पूर्ण परिपालन गर्न गराउन प्रदेशका कार्यालयहरूलाई सबै मन्त्रालयहरूले सामाजिक दुरी तथा मापदण्डको पालना गर्दै सेवा प्रवाह गर्न कार्यालय तथा मातहतका निकायहरूलाई निर्देशन दिने ।

घ. वाणिज्य तथा उद्योग व्यवसायीलाई आ-आफ्नो व्यापार व्यवसाय र उद्योग सञ्चालन गर्दा स्वास्थ्य सम्बन्धी मापदण्डको पूर्ण पालना गर्न गराउन उद्योग व्यवसायी संघ संस्था, यातायात एवं ढुवानी व्यवसायी मार्फत DCCMC र LCCMC ले सचेतनाका कार्यक्रम सञ्चालनमा ल्याउने अनुरोध गर्ने ।

४. कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचारको सम्बन्धमा समन्वय सम्बन्धी कार्य गर्न गराउन निम्न अनुसारको गर्ने गराउने ।

क. कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचारको सम्बन्धमा बागमती प्रदेशका जिल्लाका प्रमुख जिल्ला अधिकारी, कोभिड-१९ बाट बढी प्रभावित भएका स्थानीय तहका प्रमुख, जिल्ला समन्वय समितिका प्रमुखसँग प्रदेश सरकारको तर्फबाट माननीय मूख्यमन्त्रीज्यूले Virtual Meeting गर्ने र त्यसको समन्वय सामाजिक विकास मन्त्रालयले गर्ने ।

मुख्यमन्त्री

बागमती प्रदेश कोरोना संकट व्यवस्थापन केन्द्रको २०७८।०१।१२ गतेको बैठकको निर्णयहरू

ख. सामाजिक विकास मन्त्रालयको Rapid Responses Team लाई पूर्ण रुपमा सक्रीय तुल्याई जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी कार्य गर्ने गराउने ।

ग. बिरामी व्यवस्थापन, स्वास्थ्य संस्थाहरु वीचको समन्वय, अन्तर्राष्ट्रिय नाका, प्रदेश प्रवेश नाकामा निगरानी, शव व्यवस्थापन र सुरक्षा व्यवस्थाका सम्बन्धमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सामाजिक विकास मन्त्रालय वीच सहकार्य गरी आवश्यक कार्य गर्ने गराउने ।

घ. स्थानीय तहहरूले कोभिड-१९ रोकथाम उपचार र नियन्त्रणको लागि आफ्नो क्षेत्रमा पूर्व तयारी स्वरूप होल्डिङ सेन्टर, आइसोलेशन सेन्टर, क्वारेन्टाइन बनाउन सकिने सम्भाव्य स्थानहरू र सो को क्षमता आवश्यक सरसामान सहितको जनशक्ति व्यवस्था कति र कसरी गर्न सकिन्छ सो सम्बन्धमा शीघ्र विवरण लिई अभिलेख तयार गरी सतर्कतापूर्वक पूर्व तयारीमा रहन अनुरोध गर्ने ।

१।१२

मुख्यमन्त्री